नेपाल एसबिआई बैंक लि.
NEPAL SBI BANK LTD.
('A' Class Institution Licensed by Nepal Rastra Bank)
CORPORATE OFFICE: HATTISAR, GPO BOX NO. 6049, KATHMANDU, NEPAL
SWIFT : NSBINPKA, website:www.nepalsbi.com.np, e-mail: nsblco@nsbl.com.np

NEPAL SBI BANK LTD. CORPORATE OFFICE KTM

मिति : २०७२/०९/०२

नेपाल एसबिआई बैंक लि.

## प्रेस विज्ञप्ती

### आ.व. २०७१/७२ को वार्षिक आर्थिक विवरण संचालकसमितिबाट पारित

### २७ प्रतिशतका दरले वोनश शेयर र १.४२ प्रतिशतका दरले नगद लाभांश वितरण गरिने

नेपाल एसबिआई बैंक लि. को संचालक समितिको मिति २०७२ पौष ०२ गते (तदअनुसार १७ डीसेम्बर २०१५) मा बसेको ३८६औं बैठकले बैंकको आ.व. २०७१/७२ को नाफा-नोक्सान बाँडफाँड हिसाब लगायतका वार्षिक आर्थिक विवरण स्वीकृत गऱ्यो ।

संचालक समितिबाट स्वीकृत वित्तीय विवरण अनुसार बैंकले आ.व. २०७१/७२ मा संभावित नोक्सानी व्यवस्था अघि रु. १,७४,६९,७३,७८०/- संचालन मुनाफा र रु.१,०६,५४,३६,१४१/- खुद मुनाफा हासिल गरेको छ । बैंकले हासिल गरेको खुद मुनाफा गत वर्षको तुलनामा १५.४३ प्रतिशतले बढी छ ।

संचालकसमितिको उक्त बैठकले शेयरधनीहरुलाई गत वर्षको मुनाफा तथा विगत वर्षहरुमा आर्जित मुनाफाबाट २७ प्रतिशतका दरले वोनश शेयर र १.४२ प्रतिशतका दरले नगद लाभांश(कर प्रयोजनका लागि) वितरण गर्ने प्रस्ताव समेत आगामी २२औं वार्षिक साधारणसभामा पेश गर्न स्वीकृतिका लागि नेपाल राष्ट्र बैंकमा पेश गर्ने निर्णय गरेको छ ।

साथै संचालक समितिको उक्त बैठकले अधिकतम रु. २,६०,००,००,०००/- सम्म हकप्रद शेयर निष्काशन गर्ने र (क) अन्तिम लेखापरीक्षणबाट कायम हुन आउने प्रति शेयर नेटवर्थको सीमा भित्र रही हकप्रद शेयरको प्रिमियम निर्धारण गर्ने तथा (ख) हकप्रद शेयर निष्काशन गर्दाका बखत विद्यमान रणनीतिक पक्षहरु एवं उपलब्ध व्यवशायिक अवसर समेतलाई दृष्टिगत गरी हकप्रद शेयरको रुपमा निष्काशन हुने शेयरको खास अनुपात, जारी हुने रकम र निष्काशनको चरण किटान गर्न संचालक समितिलाई अधिकार प्रत्यायोजन गर्न आगामी साधारण सभामा विशेष प्रस्ताव पेश गर्ने समेत निर्णय गरेको छ ।

NEPAL SBI BANK LTD. CORPORATE OFFICE KTM

विजय कुमार त्यागी
प्रमुख संचालन अधिकृत

नेपाल एसबिआई बैंक लि.
NEPAL SBI BANK LTD.
('A' Class Institution Licensed by Nepal Rastra Bank)
CORPORATE OFFICE: HATTISAR, GPO BOX NO. 6049, KATHMANDU, NEPAL
SWIFT : NSBINPKA, website:www.nepalsbi.com.np, e-mail: nsblco@nsbl.com.np

## नेपाल एसबिआई बैंक लिमिटेड

### संक्षिप्त परिचय

नेपाल एसबिआई बैंक लिमिटेड नेपाल र भारतको संयुक्त लगानीमा भारतीय स्टेट बैंक तथा कर्मचारी संचय कोषको प्रवर्द्धनमा स्थापित बैंक हो ।

बैंकले हाल ६६ वटा व्यवशायिक इकाई (३ वटा क्षेत्रीय कार्यालय सहित) र ६७७ जना कर्मचारी मार्फत सेवा प्रदान गर्दै आएको छ । हाल देशका विभिन्न स्थानमा बैंकका ७८ वटा एटिएम रहेका छन् ।

### २०७२ साल आषाढ मसान्त सम्मको बैंकको कार्यप्रगतिका परिसूचकहरु :

- कुल निक्षेप:- रु.५,१६२.८२ करोड ।
- कुल कर्जा तथा सापटी:-रु.४,०४७.१८ करोड ।
- खुद मुनाफा:- रु.१०६.५४ करोड ।
- संचालन मुनाफा (संभावित नोक्सानी व्यवस्था अघिको):- रु.१७४.६९ करोड ।
- पूँजी पर्याप्तता अनुपात:- १४.०३ प्रतिशत ।
- कुल कर्जामा निष्क्रिय कर्जाको अनुपात:- ०.१९ प्रतिशत ।
- ग्राहक खाताहरुको संख्या: ५६८८५६

NEPAL SBI BANK LTD. CORPORATE OFFICE KTM

बिजय कुमार त्यागी
प्रमुख संचालन अधिकृत

59425